# मेन्छयायेम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८०।१२।०१

यस मेन्छयायेम गाउँपालिकामा देहाय बमोजिमको स्वास्थ्य संस्थामा देहाय बमोजिमको पद खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तोकिए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | स्वास्थ्य संस्था |
|---|---|---|---|---|---|
| १ | ०४/२०८०/८१ | कार्यक्रम संयोजक (क्षयरोग मुक्त अभियान कार्यक्रम) | अधिकृतस्तर छैटौं | १ | मेन्छयायेम गाउँपालिका |
| २ | ०५/२०८०/८१ | स्टाफ नर्स | सहायक पाँचौ | १ | मेन्छयायेम अस्पताल |
| ३ | ०६/२०८०/८१ | अ.न.मी. | सहायक चौथो | १ | श्रीजुङ्ग स्वास्थ्य चौकी |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक

क. शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट BPH वा स्वास्थ्य विज्ञानमा स्नातक उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

ख. विषयगत कार्यमा कम्तिमा १ वर्षको अनुभव प्राप्त गरेको उम्मेद्वारलाई प्राथमिकता दिइनेछ ।

स्टाफ नर्स/अ.न.मी.

क. शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट Staff Nurse/A.N.M. उत्तीर्ण गरी काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

२. उमेर हदः- २१ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको । (महिला तथा अपाङ्गताको हकमा ४० वर्ष ननाघेको)

३. दरखास्त दिने अन्तिम मितिः- २०८०।१२।०७ गते बुधबार कार्यालय समयसम्म ।

४. परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।

५. दरखास्त बुझाउने स्थानः- मेन्छयायेम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोराहाङ्ग, तेह्रथुम ।

६. दरखास्त दस्तुरः- कार्यक्रम संयोजकको हकमा रू. १०००, स्टाफ नर्स र अ.न.मी.को हकमा रू. ५०० (मेन्छयायेम गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ग१.१ २७२०२४७११८९००००५ मा जम्मा गर्नुपर्नेछ ।)

७. करार सेवाको अवधिः- २०८१ असार मसान्तसम्म (कार्यसम्पादन मूल्याङ्कनका आधारमा थप गरिनेछ ।)

८. कर्मचारीको सेवा शर्त तथा सुविधाः- नेपाल सरकारको नियमानुसार

९. परीक्षाको कसिमः- लिखित तथा अन्तरवार्ता ।

१०. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः-

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख. निवेदन,

ग. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, काउन्सिलमा दर्ता भएको प्रमाणपत्र

घ. तालिमको प्रमाणपत्र तथा अनुभव भए सो सम्बन्धि प्रमाणपत्र ।

ङ. २ प्रति पासपोर्ट साइजको फोटो ।

थप जानकारीका लागि सम्पर्क स्वास्थ्य संयोजक विशाल गौतम ९८४४६६४७१८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

रमिबहादुर कुँवर
नि. प्रमुख प्रशासकीय अधिकृत